# बसाइँ उपन्यासमा सबाल्टर्न

अनिल अधिकारी, उपप्राध्यापक नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
माया घिमिरे, उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र राममणि बहुमुखी क्याम्पस, रूपन्देही
Email: aniladhikaribhojpur@gmail.com

**लेखसार**

प्रस्तुत लेख बसाइँ उपन्यासको सबाल्टर्न विश्लेषणमा केन्द्रित छ । यस लेखमा सामग्रीको सङ्कलन पुस्तकालयीय पद्धतिबाट भएको छ । गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषणमा आधारित विश्लेषण ढाँचाको उपयोग भएको यस लेखको सैद्धान्तिक र अवधारणात्मक आधार सबाल्टर्न हो । सदियौँदेखि इतिहासबिहीन भएका वा बनाइएका समाजको किनारामा रहेर आवाजविहीन, इतिहासविहीन तथा अधिकारविहीन भएका वा बनाइएका समुदाय नै सबाल्टर्न हुन् । विचारधारात्मक रूपले हेर्दा यसमा एकभन्दा बढी विचारको बहुलता रहेको छ । सबाल्टर्न अध्ययनमा सबै प्रकारका विभेदका कारण किनारीकृत हुनपुगेका सबै शोषित, पीडित अटाउन सक्ने भए पनि यस लेखमा मूलतः बसाइँ उपन्यासमा सबाल्टर्न सामाजिक संरचनाका एकाइ तथा समाजमा उनीहरूको स्थान, प्रभुत्व, विचारधारा र प्रतिरोधको अवस्थाको विश्लेषणमा केन्द्रित छ । तत्कालीन नेपाली समाजका विविध पक्ष र पाटालाई केलाउने उद्देश्यले सिर्जित बसाइँ उपन्यासमा वर्गीय भेदका कारण सत्तार सत्ताको वर्चस्व उच्च वर्गमा निहित हुँदा निम्न वर्ग शोषित, अपमानित र निरीह हुँदै आफ्नो पुर्ख्यौली थातबास साहूलाई सुम्पेर बसाइँ हिंड्नु परेको यथार्थ प्रतिबिम्बन भएको छ । उपन्यासमा सामन्त वर्गले अधीनस्थ वर्गका उत्पादनका साधन हडपेर निरूद्देश्य बसाइँ सर्न बाध्य बनाएको यथार्थ प्रस्तुत भएको छ । यस उपन्यासमा जातीय दृष्टिले उच्च जातिको, लिङ्गीय दृष्टिले पितृसत्ता (पुरूष) को र वर्गीय दृष्टिले उच्च वर्गको प्रभुत्व रहेको छ । लेखमा सबाल्टर्न वर्गमा प्रतिरोधको भावना खासै नदेखिएको र दमनकारी विचारधारा अभिव्यञ्जित रहेको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : सीमान्तीकृत, अधीनस्थ, सामन्तवादी, प्रभुत्व, विचारधारा ।

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८९/०९/२२, लेख पुनरावलोकन मिति : २०८०/११/२०, लेख स्वीकृत मिति : २०८१/०१/०३
DOI: https://doi.org/10.3126/sahayaatra.v7i1.66218. Journal home page: https://nepjol.info/index.php/sahayaatra.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत बसाइँ (२०१४) उपन्यास नेपाली समाजका उत्पीडित वर्गको चित्रण गरेर लेखिएको छ । नेपाली समाजका निम्नवर्गीय सबाल्टर्नको चित्रण गरेर लेखिएको यस उपन्यासमा शासक वर्गीय उत्पीडनको चित्रण भएको छ । लीलबहादुर क्षेत्रीद्वारा लेखिएको यो उपन्यास पुर्वी नेपालको पहाडी भेगमा बसोबास गर्ने निम्न वर्गीय दुई जोडी नेपालीहरू बसाइँ सरेको घटनासँग सम्बद्ध छ । उपन्यासका प्रमुख चरित्र धने र मैना आर्थिक कारणले र झुमा र मोटे कार्की सामाजिक कारणले बसाइँ सर्न बाध्य भएका छन् । तत्कालीन नेपाली समाजका यथार्थ पक्ष र पाटालाई केलाउने क्रममा उपन्यासमा एकातिर गाउँका शोषक षडयन्त्रकारी शोषकको शोषणको जालोमा फसेर धनेको परिवार बसाइँ सर्न बाध्य भएको छ भने अर्कोतिर परोपकारी तथा आदर्श पात्र मोटे कार्कीले रिकुटेको षड्यन्त्रको जालोमा फसेकी निश्छल झुमालाई मृत्युको मुखबाट बचाएर अर्धाङ्गिनीका रूपमा स्वीकार्दा समाजको त्रासले सामाजिक मूल्य मान्यता, विधि, नीति, आदिका कारण बसाइँ सर्नुपरेको बाध्यात्मक अवस्थाको सन्दर्भलाई उल्लेख गर्ने क्रममा वर्गीय, जातीय र लिङ्गीय भेदको अवस्था यथार्थ रूपमा प्रस्तुत भएको छ । यस लेखमा बसाइँ उपन्यासमा प्रस्तुत सबाल्टर्न अवस्थाको विश्लेषण गर्दै तत्कालीन नेपाली समाजमा सबाल्टर्न वर्ग कसरी आवाजविहीन थियो भन्ने सन्दर्भसहित बसाइँ उपन्यासको सबाल्टर्न अवस्थाको अध्ययन गरिएको छ ।

प्रस्तुत 'बसाइँ' उपन्यासलाई सांस्कृतिक अध्ययनका विभिन्न मानकका आधारमा अध्ययन तथा विश्लेषण गर्न सकिने भए पनि यस लेखमा उपन्यासमा शासक वर्गीय दमनका कारण उपन्यासका पात्रहरू के कस्तो अवस्थामा कसरी सबाल्टर्न हुन पुगेका छन् भन्ने विषयमा केन्द्रिरत भई अध्ययन तथा विश्लेषण भएको छ । त्यसैले 'बसाइँ' उपन्यासमा सबाल्टर्न अध्ययन शीर्षकको प्रस्तुत लेखमा 'बसाइँ' उपन्यासमा सबाल्टर्न अध्ययन मूलसमस्याका रूपमा रहेको छ र यस मूलसमस्याको समाधानका लागि निम्नलिखित शोध्यप्रश्नहरू निर्माण भएका छन् :

(क) 'बसाइँ' उपन्यासमा सामाजिक संरचनागत सबाल्टर्नको अवस्था के कस्तो रहेको छ ?

(ख) 'बसाइँ' उपन्यासमा प्रभुत्व, प्रतिरोध कसरी प्रस्तुत गरिएको छ ?

प्रस्तुत लेखको प्रमुख उद्देश्य 'बसाइँ' उपन्यासमा सबाल्टर्नको विश्लेषण र अर्थापन नै हो । यस लेखमा सबाल्टर्न सिद्धान्तका अन्तर्यमा सामाजिक संरचना, विचारधारा तथा प्रभुत्व र प्रतिरोधमा केन्द्रित भई हुननसकेको अध्ययनको रिक्तताका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित रहने भएकाले यसको प्राज्ञिक पक्षको औचित्य पुष्टि हुन्छ । यस 'बसाइँ' उपन्यासका सन्दर्भमा उपर्युक्त मानकमा केन्द्रित हुनु यस लेखको क्षेत्र हो भने सबाल्टर्न सिद्धान्तका क्षेत्रीय, अपाङ्गताजस्ता पक्षमा प्रवेश नगर्नु यसको सीमाङ्कन हो ।

**शोधविधि**

प्रस्तुत लेखमा सामग्री विश्लेषणका लागि पाठविश्लेषणमा आधारित गुणात्मक पद्धतिको उपयोग भएको छ । यस लेखका लागि पुस्तकालयबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन भएको छ । लेखको प्राथमिक स्रोत लीलबहादुर क्षेत्रीको 'बसाइँ' उपन्यास तथा द्वितीय स्रोतअन्तर्गत यसका बारेमा लेखिएका विभिन्न लेख, अनुसन्धानात्मक ग्रन्थ, समालोचना र पुस्तक हुन् । सबाल्टर्न अध्ययनका लागि आवश्यक पर्ने सिद्धान्तले अघि सारेका आधारभूत प्रस्थापनहरूलाई आधार बनाइने यस लेखमा निगमनात्मक पद्धतिको प्रयोग गरी सामग्रीको विश्लेषण भएको यस लेखमा विश्लेषणात्मक विधिको उपयोग भएको छ ।

**सैद्धान्तिक आधार**

सबाल्टर्न अध्ययन पदावलीको प्रथम प्रयोग इटालेली चिन्तक आन्तोनियो ग्राम्सीले गरेका हुन् । उनले यस शब्दको प्रयोग समाजका उत्पीडित वर्गको पहिचानका तात्पर्यमा मार्क्सवादी मान्यतामा आधारित भएर गरेका थिए । (मान्नाथुकारेन, सन् २०२२, पृ.२३) यस शब्दको प्रयोग सत्ताको अवधारणाका आधारमा दमित वर्गको तात्पर्यमा भएको थियो । विस्तारै यसलाई गरिब, दलित, दमित, उपेक्षित,र अपमानित वर्गका रूपमा लिन थालियो । (पाण्डेय, २००६) । यसरी सर्वहारा वर्गकै तात्पर्य बोके पनि यस शब्दले गरिब मात्र नभएर समाजका सबै प्रकारका दमित र उत्पीडित वर्गलाई बुझाउन थाल्यो । रनजीत गुहा सन् १९८२ का अनुसार – सबाल्टर्न समग्र भारतीय जनसङ्ख्यामा अभिजात वर्गभन्दा भिन्न जनताका रूपमा लिएका छन् । यस आधारमा सबाल्टन अध्ययन सत्तासम्बन्ध र त्यसले सिर्जना गरेको विभेदसँग सम्बन्धित छ । अधीनस्थ समूहले दमनकारी समूहसँगको दोहोरो सम्बन्धको बोध गर्न नसक्ने हुँदा यो सदैव शासक वर्गको क्रियाकलापको विषय बन्छ र त्यो विषय चाहे विद्रोहको होस् वा उनीहरूको समूहको विकासको होस् (गुहा, सन् १९९७, पृ. हखष्) । सबाल्टर्न अध्ययन सामान्य रूपमा सत्ता वा शासक वर्गद्वारा हेपिएका र दबाइएकाहरूको अध्ययन हो तापनि यसमा दमितहरूको सत्ताप्रतिको निष्ठा वा समर्पण मात्र नभएर प्रतिरोध पनि हुन्छ । यस्तो अवस्थामा आवाजहीनहरू पनि राजनीतिमा आफ्नो स्थान खोजिरहेका हुन्छन् । (लौवर्स र अन्य, सन् २००२, पृ. ४) यसरी कुनै समूहको दमनका कारण अर्को समूह उत्पीडित भएको अवस्था नै सबाल्टर्नको अवस्था हो ।

सबाल्टर्नको नेपाली रूपान्तरण सीमान्तीय/सीमान्तीयता हो । सबाल्टर्न शब्लाई नेपालीमा भिन्नभिन्न शब्द दिइएको पाइन्छ । भोकाबुलरी डट कम शब्दकोशका अनुसार सीमान्तीय त्यस्तो शब्द हो जसमा मानिसलाई सामाजिक, राजनीतिक वा अन्य सोपानक्रमका दृष्टिले तल्लो स्तरमा राखिन्छ र यसलाई अर्को शब्दमा सबाल्टर्न वा उत्पीडित पनि भनिन्छ । मोहनराज शर्माले यसलाई नेपालीमा अबर्जन भनेका छन् (शर्मा,२०७०, पृ. ३१५) । सबाल्टर्न शब्दको लागि

अधीनस्थ, अशक्त, आवाजहीन, इतिहासविहीन, उत्पीडित, उपेक्षित, पिछडाजस्ता शब्दको पनि प्रयोग गरिन्छ तापनि यसका लागि सीमान्तीय शब्दको प्रयोग नै व्यापक देखिन्छ । अङ्ग्रेजी शब्द सबाल्टर्नले सदियौंदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १) । यो तल्लो तह वा दर्जाको कुनै समूह ,समुदाय, वर्ग वा व्यक्ति हुन सक्छ । अझ यो जाति विशेष, लिङ्ग, विशेष, भूगोल विशेष, क्षेत्र विशेष र राष्ट्र विशेष पनि हुनसक्छ । युगौंदेखि इतिहासका पानाबाट बाहिर फ्याँकिएको सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि दक्षिण एसियामा सबाल्टर्न अध्ययन अभियानका रूपमा आएको हो (श्रेष्ठ, २०६८, पृ. २) । ग्राम्चीले मुख्यतः प्रभुता र प्रभुत्वका सन्दर्भबाट अवरजनलाई हेरेका छन् । उनले सबाल्टर्नको मुक्तिको कुरा गरेका छन् । सबाल्टर्न शब्दलाई ग्राम्चीले शासित वर्गको वकालत गर्ने क्रममा हैकम र प्रभुत्वको अर्थसँग जोडेका छन् । उनका अनुसार जो सँधै अधीनस्थ र पराधीन छन्, ती वर्ग नै सबाल्टर्न हुन् (श्रेष्ठ, २०६८, पृ. १६) । सबाल्टर्न शब्दका प्रयोक्ता ग्राम्चीले शासकबाट शासित भइरहन तयार भएको अवस्था हेजेमोनी हो र यसलाई राष्ट्रले आफ्ना विभिन्न किसिमका वैचारिकी मार्फत् शासित वर्गमाथि फैलाएको हुन्छ भनेका छन् । समाजमा शोषक र शोषित दुबै वर्ग रहने हुनाले सामाजिक संरचनामा दुबै वर्गको स्थानको संरचना भएको हुन्छ । त्यही संरचित स्थानबाट सबै वर्ग सञ्चालित हुने हुँदा सबाल्टर्न वर्गको स्थान र अवस्थाका बारेमा धारणा बनाउन सकिन्छ । समाजमा एक वर्गीय रूपमा दमक वर्गले दमन गर्ने क्रममा लिङ्गीय, जातीय र राष्ट्रिय विषयहरूमा आफू अनुकूल धार्मिक, सांस्कृतिक नियमहरूको निर्माण गर्ने र एकपक्षीय सत्तालाई बलियो बनाउने काम गरेको हुन्छ भन्ने कुरालाई ग्राम्चीले प्रभुत्वसम्बन्धी मान्यतामा अघि सारेका छन् (भट्टराई, २०७०, पृ. ३४४) । केन्द्रमा रहेको शक्तिले किनारामा रहेको शक्तिमाथि प्रभुत्व जमाउँदा उदीयमान शक्तिले पनि आफ्नै किसिमको प्रभुत्वको निर्माण गर्छ । यसले सबाल्टर्न वर्गलाई प्रतिरोधी चेतना निर्माण गर्न उत्प्ररित गर्छ ।

राज्यको शक्तिसम्म आफ्नो आवाज पुऱ्याउन नसक्ने ठूलो भिडबाट विस्थापित भएका सबाल्टर्नहरू समय, सन्दर्भ र परिवेशअनुसार विविध प्रकारका हुन्छन् । सबाल्टर्न अध्ययनले राजनैतिक, सामाजिक, आर्थिक हरेक कोणबाट पछाडि पारिएका वा परेका आफ्ना हक र अधिकारका लागि सङ्गठित हुन नसकेका यस्ता सबाल्टर्नहरूको जीवन र तिनका भोगाइहरूलाई अध्ययनको विषयवस्तु बनाएको हुन्छ । सबाल्टर्न अध्ययनमा उपेक्षित वर्गका मुद्दालाई केन्द्रमा राखेर निर्माण गरिएको सङ्कथनले बौद्धिक जगत्मा स्थान पाउन थालेपछि अहिले विश्वभर आवाजविहीन तथा इतिहासविहीन सबाल्टर्न वर्गको पक्ष र एकाधिकारवादी सम्भ्रान्तीय संरचनाका पृष्ठपोषणका विपक्षमा आवाज घन्किएको छ । सीमित सम्भ्रान्त शासकलाई मात्रै केन्द्रमा राखेर कुनै व्यक्ति वा परिवार विशेषको टुप्पाबाट लेखन गर्ने इतिहास निर्माण प्रक्रिया आपत्तिजनक रह्यो । लामो समयदेखिविद्यमान यस सामन्ती संस्कार हावी रहेका कारण सबाल्टर्नको इतिहास लेखिएन । विश्वमा सन् १९६० र ७० को दशकमा परिवर्तनका ठूलाठूला आँधी आएको तथ्य बिर्सन मिल्दैन । त्यसपछि नै इतिहासविद् तथा बौद्धिक वर्गको पनि सबाल्टर्नको प्रतिनिधित्वको मुद्दा उठेको साम्राज्यवादी शक्ति औपनिवेशिक राजनीतिको आधारस्तम्भ ढल्न थालेपछि कमजोर बन्दै गयो । सन् १९८० पछि किनारीकृतहरूको इतिहास लेखनको काम दक्षिण एसियाबाट भएको हो ।

परम्परित इतिहास लेखनपद्धतिलाई सबाल्टर्न अध्ययनले हस्तक्षेप गरेपछि टुप्पाबाट लेखिँदै आएको सीमित सम्भ्रान्तमैत्री कठोर तथा पूर्वाग्रही इतिहास लेखनका विकल्प वा प्रतिस्थापनको पक्षमा पनि आँधी उठेको हो । दबिएका र दबाइएका आवाजको खोजी गर्दै इतिहासविहीनहरूको इतिहास लेखन गर्ने मुद्धा नै सबाल्टर्न अध्ययनको मुख्य उद्देश्य हो । विचारधारात्मक हिसाबले हेर्दा यसमा एकल भन्दा बढी विचारको बहुलता देखिन्छ । सबाल्टर्न अध्ययनमा ग्राम्चीको प्रभुत्वसँग सम्बन्धित मान्यतालाई पनि आधार मानिन्छ । उनको प्रिजन नोटबुकमा उल्लेख गरिएको प्रभुत्वसम्बन्धी मान्यताको सारलाई ताराकान्त पाण्डेले संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवादमा यसरी उल्लेख गरेका छन् :

"बिनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई वर्चस्वले बाँधेको हुन्छायो त्यतिबेला प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन्। यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा साझा मान्यताको विकास गरिन्छ।" (ऐ., पृ. ६४)

निम्न वर्ग उच्च वर्गको अधीनस्थतामा अभ्यन्तरित हुँदै जाँदा उनीहरूको सोचमा परिवर्तन आएको हुन्छ। यस्तो अवस्थामा श्रमजीवी वर्गले उच्च वर्गद्वारा भएको शोषण, दमन र उत्पीडनलाई भाग्यको खेलका रूपमा स्वीकार गर्दछन्। यसरी किनारीकृत वर्ग प्रभुत्वमा बाँधिदा परम्परामा अभ्यन्तरित भएकाले उनीहरूलाई बाँधिएको अनुभूति हुँदैन। यस्तो अवस्थामा सीमान्तीकृतले शोषित भएको, लुटिएको ठगिएको थाहा पाउँदैनन्। जसको फलस्वरूप किनारीकृत वर्ग किनारामा नै रहन्छ। परम्परागत मार्क्सवादबाट प्रभाव ग्रहण गरेर मार्क्सवादी स्पर्श दिने एउटा प्रवृत्ति पनि सबाल्टर्नभित्र छ तर सँगसँगै यसलाई मार्क्सवादकै विकल्पका रूपमा प्रस्तुत गर्ने र खास गरी उत्तरआधुनिकतावादी तथा उत्तरसंरचनावादी चिन्तनका आधारमा सबाल्टर्न अध्ययन गर्ने प्रवृत्ति बलियो भएको छ। यसका साथै गायत्री चक्रवर्ती स्पिभाकले सबाल्टर्नतालाई मार्क्सवाद, नारीवादी साम्राज्यवाद र उत्तर औपनिवेशिक पुरूष हैकमको सन्दर्भसँग जोडेर साहित्यमा सबाल्टर्नको सम्बन्ध गाँस्नमा गहन भूमिका खेलेको तथ्यलाई बिर्सन मिल्दैन। (श्रेष्ठ, २०६८, पृ. २९) त्यसैगरी उत्तरमार्क्सवादी कोणबाट सबाल्टर्न अध्ययन गर्ने प्रवृत्ति पनि विकसित भएको छ। यसरी सन् १९५० यता विकसित विभिन्न उत्तरआधुनिक दृष्टिकोणहरूको योग यसमा आवश्यकता अनुसार विभिन्न किसिमले भएको छ। यो मार्क्सवादी अध्ययनका समानान्तरमा र त्यसका विकल्पका रूपमा मार्क्सवादले महत्त्व दिएका र अध्ययनको विषय बनाइएका दमित, दलित, उत्पीडित, शासित वर्ग र समुदायकै बारेमा अध्ययन गर्ने इतिहासमा तिनको स्थान र मूल्य खोज्ने अभिप्राय बोकेर अगाडि बढेको छ। सबाल्टर्न वर्गको अध्ययन वर्ग, लिङ्ग, जातिका आधारसँगै जीवनका हरेक कोणबाट गर्न सकिन्छ। पितृसत्ताले केन्द्रमा रहेको पुरूष अनुकूलको विधि, नीति र व्यवस्थाको निर्माण हुने हुनाले पुरुष पूर्ण, क्रियाशील, आँटी, शक्तिसम्पन्न, विवेशील, सिर्जनशील प्राणीका रूपमा परिचित हुन्छ भने नारीलाई अपूर्ण, कमजोर, भिरू, पराश्रित, विवेकहीन, कायर भावुक अवला प्राणीका रूपमा चिनाइएको छ (सुब्बा, सन् २०११, पृ. १२) सबाल्टर्न अध्ययन जातिका आधारमा पनि गर्नसकिन्छ। बहुसङ्ख्यक र शक्तिसम्पन्न जातिले अल्पसङ्ख्यक कमजोर जातिलाई अपमान गर्ने, दबाउने, अधीनस्थ गर्ने र किनारामा पुऱ्याउने गर्छ। (सुब्बा, सन् २०११, पृ. १४) यसरी सबाल्टर्न अध्ययनमा शक्तिसम्पन्न अभिजात वर्गसँग कमजोर निम्न वर्ग सँधै प्रताडित भएको हुन्छ, दबिएको र दबाइएको हुन्छ, किनाराको किनारामै रहेको हुन्छ। यस्ता किनारामा पुऱ्याइएका सबै वर्ग, लिङ्ग र जातिको आवाजलाई सबाल्टर्न अध्ययनमा खोजी गरिन्छ।

सीमान्तीकृत समुदायले भाषाका माध्यमबाट आफ्नो प्रतिनिधित्व आफैं गर्छन् भन्ने मान्यता उत्तरसंरचनावादी मिसेल फुकोको रहेको छ भने यस सम्बन्धमा गायत्री चक्रवर्ती स्पिभाकको विचार फुकोको भन्दा फरक छ। उनले सीमान्तीकृत वर्ग आफ्ना बारेमा बोल्न सक्दैनन् र बोले पनि उनीहरूको आवाज प्रभावकारी बन्न सक्दैन। त्यसैले उनीहरूको प्रतिनिधित्व गर्ने बौद्धिक वर्ग उनीहरूको संवेदनामा सचेत हुनुपर्छ (उप्रेती, २०६९, पृ.२८२—८३)। स्पिभाकले शक्ति र प्रतिनिधित्वको मुद्दालाई नारीवादसँग जोडेर सबाल्टर्न अध्ययन गरेकी छन्। सबाल्टर्न अध्ययनमा पितृसत्ताको उत्पीडनबाट उत्पीडित वर्गले आफूमाथि भएको उत्पीडनका विरूद्ध कसरी विद्रोह गरेका छन् भन्ने कुराको अध्ययन पनि गरिन्छ। साहित्यमा अभिव्यक्त सबाल्टर्नतालाई प्रतिनिधित्व, पहिचान, प्रभुत्व र विचारधाराको आधारमा विश्लेषण गर्न सकिन्छ। लीलबहादुर क्षेत्रीको बसाईँ उपन्यासलाई यथार्थवादी दृष्टिबाट हेरिनु त स्वाभाविक हो त्यसका अतिरिक्त तिनै नेपाली समाजका यथार्थ घटना, पात्र, परिवेश, भूगोल, समाज, संस्कृति, भाषा, आदिलाई सबाल्टर्न सिद्धान्तका आधारमा अध्ययन तथा विश्लेषण गर्न सकिन्छ। यस अध्ययनमा बसाइँ उपन्यासमा अभिव्यक्त सबाल्टर्न चेतनालाई उपर्युक्त सैद्धान्तिक पर्याधारका आधारमा विश्लेषण गरिएको छ। अध्ययनमा सामाजिक संरचनागत वर्गीय, सबाल्टर्नका साथै पितृसत्तात्मक सामन्तवादी समाजमा केन्द्रले किनारामाथि जमाएको प्रभुत्व, पुरूषद्वारा नारीमाथि भएको यौनशोषण, दमन,

तत्कालीन नेपाली समाज, संस्कार र व्यवस्थाका कारण सबाल्टर्न वर्गमाथि उत्पन्न उत्पीडन र त्यसको पृष्ठपोषण भएको विचारधाराको विश्लेषण उपर्युक्त सबाल्टर्न सिद्धान्तका आधारमा अध्ययन भएको छ।

## नतिजा र विश्लेषण

सदियौँदेखि इतिहासविहीन भएका वा बनाइएका समाजका किनारामा रहेका आवाजविहीन तथा अधिकारविहीन अधीनस्थ व्यक्ति नै सबाल्टर्न हुन्। सामाजिक यथार्थवादी विषयको प्रस्तुति भएको 'बसाइँ' उपन्यासमा असमान उत्पादन प्रणाली र वितरणका कारण माथिल्लो वर्ग जाति र संस्कृति सत्ता र तल्लो एकाइ सदा किनारीकृत भएर रहनुपर्ने संस्कृति र सांस्कृतिकताको चित्रण भएको छ । संस्कृति, सांस्कृतिकता र विचारधाराका कारण किनारीकृत तुल्याइएको नेपाली जनजीवनको प्रतिबिम्बन पाइने यस विषयको विश्लेषण तलका उपशीर्षकमा भएको छ।

## उपन्यासमा सामाजिक संरचनागत सबाल्टर्न

प्रस्तुत उपन्यासमा सामाजिक संरचनामा प्रतिनिधित्व गर्ने वर्गीय, जातीय र लिङ्गीय सबाल्टर्नको अवस्थाको विश्लेषण अलग उपशीर्षकमा तलका सन्दर्भमा भएको छ।

### वर्गीय सबाल्टर्न

वर्गीय दृष्टिले हेर्दा यस उपन्यासमा मुख्यतःग्रामीण उच्च वर्ग र निम्न वर्गको उपस्थिति रहेको छ। यस उपन्यासमा प्रमुख पात्र धने बस्नेत र उसको परिवारले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् भने तत्कालीन सामन्तवादी शासन व्यवस्थामा ग्रामीण नेपाली समाजमा हैकम जमाउने बैदार बूढा, नन्दे ढकाल, गाउँका मुखिया, सुब्बा, पञ्चभलादमीले उच्च वर्गको प्रतिनिधित्व गरेका छन्। यस उपन्यासमा बैदार बूढा र नन्दे ढकालले धनेजस्ता निम्न वर्गलाई शोषण गरी धनी भएका छन् र आफ्नो प्रभुत्व जमाएका छन्। त्यसैले उनीहरू ग्रामीण सामन्तवादी समाजमा सत्ता, शक्ति र वर्चस्वका दृष्टिले बलशाली देखिएका छन्। यस अवस्थामा उत्पादन प्रक्रिया र वितरण प्रणालीमा भेद हुनुका कारण धने जस्ता निम्न वर्गको आर्थिक अवस्था अत्यन्त दयनीय हुँदै गएको छ । उसका हलका गोरू फुकाइनु, घर खायलको मूल्य तोकेर श्रम गर्ने आधारबाट बञ्चित गराइनुले धनेको टाउका माथिको आर्थिक सङ्कटको कालो बादल हट्न सकेको छैन। यी घटनाले आधार तहका किसान वर्ग सँधैं उच्च वर्गबाट अधीनस्थ भएर बाँच्न बाध्य भएको यथार्थ अभिव्यञ्जित भएको छ। धनेले ठाउँ ठाउँमा फाटेको सिरक ओड्नु, सूर्ती तान्नु, निरन्तर श्रममा लाग्दा पनि बैदारबूढा जस्ता शोषकले ब्याजमाथि ब्याज असुल्नु जस्ता घटना क्रमले ऊ निम्न वर्गीय पात्र हो भन्ने पुष्टि हुन्छ। बैदार बूढाले हरेरामको थेगो जप्नु, बेलाबेलामा ब्राह्मणहरूलाई बोलाएर दान, दक्षिणा र भोजन गराउनु, गरिबदुःखीले मानोमुठी पैँचो लगेको उठाउन हमेशा सतर्क रहनु, आसामीसित अति चर्को व्याज लिनु, रूपैयाँ लगेको छ भने त्यसको व्याज कसेर लिनु र त्यसैलाई आम्दानीको मुख्य श्रोत मान्नुजस्ता घटनाले ऊ सामन्त वर्गको प्रतिनिधिमूलक चरित्र हो भन्ने पुष्टि हुन्छ। उच्च वर्गीय शक्तिशाली पात्र बैदार बूढा र नन्दे ढकाल पेशा, व्यवहार र सम्पत्ति तिनै तत्त्वले उच्चवर्गका प्रतिनिधिमूलक पात्र हुन्। त्यसैगरी सहायक सन्दर्भमा आएको रिकुटे गोरो अनुहार, कालो टोपी, चुच्चे नाक, खाइलाग्दो शरीर, भोगी, विलासी प्रवृत्ति आदिका कारण सामान्तवादी समाजको उच्च वर्गको पात्रका रूपमा परिचित छ। मैनाले फाटेको चोलो लगाउनु, नाबालक छोराको भोटो धैरै ठाउँ फाटेको देखिनु, आर्थिक अभावका कारण झुमाको विवाह गरिदिन नसक्नु, इमान्दारपूर्वक जति श्रम गरे पनि सामन्तको शोषणका कारण घरखेत साहूलाई बुझाएर बसाइँ सरेका घटनाले धनेको आर्थिक दुरावास्थालाई सङ्केत गरेका छन् र वर्गीय भेदलाई पुष्टि गरेका छन्। उपन्यासमा उच्च वर्गको प्रतिनिधित्व गर्ने मुखियाले निम्न वर्गलाई हेय दृष्टिले हेरेको तथ्य यसरी अभिव्यक्त भएको छ

> जेठा चाहिने भन्देखि साहूको माल ल्याएर केही पत्तै नगरेर कसरी हुन्छ र ? बैदार साहेबका चाहिने भन्देखि रूपैयाँ ब्याजसमेत अहिले गनिदे नभा म चाहिने भन्देखि तमसुक बमोजिम तेरो गोठ रित्तिने भयो त" धनेले निराश स्वरमा भन्यो " मुखिया बा नदिऊँ भनेर नदिएको होइन, नसके पछि के लाग्दो र छ र, अब मैना दुएक को भाका दिनोस्, भैँसी ब्याएपछि त खोजी मेली भा' पनि बुझाउँछु नि रूपियाँ।" (बसाइँ, २०७६, पृ.२४)

प्रस्तुत सन्दर्भमा अधीनस्थ वर्गको पात्र धनेमाथि मुखियाले व्यक्त गरेका यी अभिव्यक्तिको प्रत्युत्तरमा व्यक्त धनेका भावले उसकोआर्थिक दुरावास्थालाई सङ्केत गरेको छ। मुखियाले प्रयोग गरेको भाषा र भाव दुवैले वर्गीय भेद पुष्टि भएको छ। मुखियाको धम्कीपूर्ण यस अभिव्यक्तिले उच्चवर्गले निम्नवर्गलाई गरेको हिंसा, दमनात्मक दृष्टिकोण, विभेद, अधीनस्थतालाई सङ्केत गरेको छ। पाठमा आएका तमसुक, ब्याजको प्रसङ्ग र धनेको अनुरोधात्मक भाषाले धने वर्गीय दृष्टिले सबाल्टर्न पात्र हो भन्ने तथ्यलाई पुष्टि गरेको छ। उच्च वर्गको यस्तै शोषणका कारण धने र उसको परिवार किनारमा पुगेका छन्, घरवारविहीन हुन पुगेका छन् र निरूद्देश्य बसाइँ सर्न बाध्य भएका छन्। उपन्यासमा प्रस्तुत भेद, दमन हिंसा र अधीनस्थतालाई बैदार बूढाको तलको साक्ष्यले थप पुष्टि गरेको छ :

> हरिरामको हैन मुखिया साहेब। क्याहो त्यसरी कुरा चपा 'को?" निसाफमा के भने निसाफ पो गर्नु पर्छ त। हरिरामको कति भो यसले भैँसी ल्याएको ? हरिरामको छ महिनाको भाका हो, अहिले यसले न ब्याज राम्ररी बुझाएको छ नभनेको बेला खेताला पठाउँछ। हरिरामको अझ के भनेर यसको मुख हेर्नु मैले। हरिरामको तमसुक पञ्चको सामु छँदैछ, आज के भने, रूपियाँ चुक्ता पार्नुपर्छ, होइन भने फुकाउँछु गोठका वस्तु" (ऐ, पृ.२४)।

उपन्यासको प्रस्तुत सन्दर्भमा सामन्त वर्गको दमनकारी व्यवहारका कारण निम्न वर्ग आर्थिक शोषणमा परेको र उच्च वर्गले हरिरामको थेगो जप्दै निम्न वर्गमाथि प्रभुत्व जमाएका कुरा पुष्टि भएको छ। समन्तवादी शोषकले ब्याजमा स्याजसमेत थप गरी तमसुक गर्ने र निम्न वर्गमाथि आर्थिक शोषण, दमन गरी उनीहरूका घरगोठ रित्याउने र आर्थिक अधिकारबाट बञ्चित गर्ने परम्पराका कारण निम्न वर्ग सबाल्टर्न हुन पुगेका छन्। यसरी उत्पन्न भएको प्रभुत्वलाई निम्न वर्गीय पात्र दोबाटे सहिलाले यसरी पोषण गरी बलेको आगोमा आगोमा घिउ थप्ने काम यसरी गरेको छ : "यौटाले गर्दा अरूको पनि बाटो थुनिदैन यै चाला हो भने ?" (ऐ, पृ., २४)। यस साक्ष्यले निम्न वर्गीय पात्र निम्न वर्गबाट अपमानित, शोषित र पीडित भएको प्रसङ्ग अभिव्यञ्जित भएको छ।

धने, बैदार बूढा, नन्दे ढकाल र गाउँका शक्तिशाली वर्गका व्यक्तिहरूको जालझेलमा परेको छ, साहूहरूले जतिसुकै अन्याय गरेपनि प्रतिकार गर्नसकेको छैन। त्यसैले धने अबौद्धिक र असभ्य पात्र हो। उपन्यासको अन्त्यमा समाजले एकपक्षीय फैसला गरेको छ। उपन्यासमा साहू महाजनको सामन्तवादी सोच र शोषणबाटै धनेजस्ता निम्न वर्गीय पात्रहरू सीमान्तीकृत भएका छन् र बैदार बूढा, नन्दे ढकालजस्ता सामन्तले दबाबबाटै आफ्नो वर्चस्व कायम गरेका छन्। अझ यस उपन्यासका नारी पात्रहरू झुमा र मैना वर्गीय र लिङ्गीय दुबै दृष्टिले सीमान्तीकृत बनेका छन्। झुमा रिकुटेको जालझेलमा पर्नु पनि आर्थिक अभावकै कारण हो। आर्थिक अभावकै कारण उसले शिक्षित र चेतनशील हुन सकेकी छैन, फलस्वरूप दोहोरो शोषणमा परेकी छ। राम्रो खाना, नाना र सहरबजारको रमणीय दृश्यावलोकनको प्रलोभनका कारण ऊ शोषित भएकी छ।धनेले आफ्नो सम्पत्ति (घर/खायल)को मूल्य तोक्न नसक्नु पनि वर्गीय सबाल्टर्न हो। यस उपन्यासका हरेक पृष्ठमा उच्च वर्गका बैदार बूढा, रिकुटे तथा अन्य शक्तिशाली व्यक्तिहरूले, सम्मानित, सुसंस्कृत र परोपकारी बनेको नाटक गर्दै धने, मैना, झुमा, मोटे कार्की जस्ता निम्न वर्गलाई यसरी सबाल्टर्न बनाएका छन् :

> होइन तँ बजियाको बास त हामीले मेटेको त हैन नि। झन् गरेर खा भनेर गोरू किनिदिएँ, खेत दिएँ, तँ त मात्तिएर मेरै भैंसी मारिस् अनि के भन्छस् ? खायल बेचिस् भने पनि बाटो खर्च अलिकति पाइहाल्छस्। मधेसतिर पसिस् भने यसो भात खाने मेलो भैहाल्छ नि। कि मुग्लानीतिर लाग्छस् ?"(ऐ., पृ. ५७)

प्रस्तुत साक्ष्यमा सामान्तवादी व्यवस्थाकै कारण बैदार बूढा र नन्दे ढकाल जस्ता उच्च वर्गका व्यक्तिहरूले धने र मैना जस्ता निम्न वर्गीय व्यक्तिहरूका हलका गोरू फुकाएर र घर/खायल हडपेर साधनबिहीन बनाउँदै इतिहासविहीन र आवाजविहीन अवस्थामा पुऱ्याएका छन्, दया गरेको स्वाङ पार्दै शोषण गरेका छन्। सामन्त वर्गले निम्न वर्गलाई सम्बोधन गरेको भाषा पनि अपमानित छ। यसरी बलको प्रयोगबिना उच्च वर्गले आफ्नो प्रभुत्व स्थापित गरेको छ। निम्न वर्गलाई किनारामा पुऱ्याएको छ। यस अवस्थामा यो वर्ग निरूद्देश्य बसाइँसर्न बाध्य भएको छ। यसैले धने, मैना, नाबालक र झुमा वर्गीय आधारमा सबाल्टर्न पात्र हुन्।

**जातीय सबाल्टर्न**

बसाइँ उपन्यासका पात्रमा जातीय विविधता छ । सोझो रूपमा हेर्दा यस उपन्यासमा उच्च जातिको प्रतिनिधित्व बैदार बूढा ,नन्दे ढकाल, मुखिया, पञ्च भलादमी, धने, रिकुटे, नन्देको छोरो, दोबाटे साहिँलो, तेर्से लामिछाने, झुमा, मैना, नन्देकी स्वास्नी, ठुली, आदि पात्रहरूले गरेका छन् भने लेउते दमाईं, बुधे कामीजस्ता पात्र निम्न जातिका प्रतिनिधि पात्रका रूपमा आएका छन् तापनि यस उपन्यासमा आर्थिक सम्पन्नताका कारण सत्ताको सहारामा उच्च जातीय शासक वर्गकै प्रतिनिधिका रूपमा लेउते दमै यसरी उपस्थित भएको छः

> लेउते दमै उताबाट रांक्किएर आयो । लेउते निकै धनी थियो । गाउँभरिको लुगा सिएको बाली उठाउँथ्यो । आफ्नो पनि खेतीबारी यथेष्ट थियो ,त्यसैले कसैलाई टेर्दैन थियो । धने टाँडबाट ओल्यो । "जदउ साव" लेउतेले निधारमा हात पुऱ्याएर भन्यो, हैन, भैंसी त्यसरी मनपरी छाड्दिन किन्या हो कि, बारीको फपर स्वात्तै केही राखेको छैन । बिष्टहरूले साँढे छोडेझैं वस्तु छाडा छाडेर यो दमाइको के रहला ? (ऐ., पृ. ४) ।

यस साक्ष्यमा लेउते जातले दमाईं भएपनि आर्थिक दृष्टिले सम्पन्न हुनाको कारण सामन्तवादी सत्ताको दमनकारी चिन्तनलाई आत्मसात् गरेको पुष्टि हुन्छ । प्रस्तुत साक्ष्यमा लेउते दमाईंले सत्ताको साहारामा वर्गीय दृष्टिले धनेलाई हप्काएर सामन्ती प्रवृत्ति देखाएपनि उसलाई भेट्ने बित्तिकै जदौ साब भनेको छ । यसरी बिस्ट र दमाईंको कुरा आउनु पनि जातीय सबाल्टर्न हो । उपन्यासको अन्य प्रसङ्गमा पनि बैदार बूढा जस्ता पात्रले आफ्ना भान्से बाहुनबाहेक अरूले पकाएको नखाने कुरा गर्नु, निधारमा सेतो टीका लगाउनु, दानदक्षिणा गर्नु जस्ता क्रियाकलापले उच्च जातको भएको पुष्टि भएको छ । यी अभिव्यक्तिका साथै धनेले लेउतेलाई भनेका यी अभिव्यक्तिले पनि जातीय सबाल्टर्नालाई सङ्केत गरेको छ : "होइन किन चड्कनछस् तँ दमाईं ? खाएछ भने भरौँला" (ऐ., पृ., ६) । यस साक्ष्यमा पनि जातीय सबाल्टर्नत अभिव्यञ्जित भएको छ । यस उपन्यासमा पितृसत्ताका कारण ब्राह्मणवाद हावी भएर आएको छ । धनेले लेउतेलाई अपमानित ढङ्गले सम्बोधन गरेको छ, तँ, दमाईंजस्ता शब्दको प्रयोगले यसलाई पुष्टि गरेको छ । उच्च वर्गले प्रयोग गरेको भाषिक अभिव्यक्तिमा जातीय सबाल्टर्नतको अनुभूति भएको छ । झुमा दोजिया भएपछि सामन्तवादी समाजले पानी बार्ने, जातच्यूत गर्ने चर्चा चलाएको जातीय सबाल्टर्नत यसरी प्रस्तुत भएको छ : एकछिनपछि सारा गाउँमा हल्का गुनगुनाहट चल्न थाल्यो । कति "धनेको पानी बन्द गर्नुपर्छ, कसको हो, के हो,कहिलेदेखिको लसपस हो नजानीकन कसरी खानु पानी ? ( ऐ, पृ. ५२) समाजको यही भय र त्रासका कारण मैनाले झुमालाई मर्नुशिवाय अर्को उपाय छैन भनेपछि झुमा आत्महत्याको लागि राँगेभिरतिर लागेकी छ । धनेले रिकुटे बास बस्न आउँदा "हामी पनि क्षेत्री हौँ, भान्सा चलिहाल्छ "(ऐ., पृ. ९) भनी जातीय अहम् प्रदर्शन गरेको छ । बैदारको ऋण तिर्न नसकेर आत्तिएको धनेले बुधे कामीकहाँ ऋण माग्न जाँदा बुधेले ऋण नदिएपछि रिसले "डाङ्ग्राले किन दिनु" (ऐ, पृ. १३) भनी अपमानित शब्दको प्रयोग गरेको छ । यस उपन्यासमा उपन्यासकारले बैदार बूढा, नन्दे ढकाल जस्ता खास जातिका बारेमा विचारधारा बनाइदिएर पानी बार्ने, जात च्यूत गर्ने जस्ता कार्यले आवाजविहीनका आवाज दमित भएका छन् भन्ने कुरा पुष्टि भएको छ ।

**लिङ्गीय सबाल्टर्न**

'बसाइँ 'उपन्यासमा मैना, झुमा, ठूली, नन्देकी स्वास्नी, पँधेर्नीहरू जस्ता नारीपात्रहरू उपस्थित छन् । यीमध्ये मैना र झुमा लिङ्गीय दृष्टिले सीमान्तीकृत बनेका नारी पात्र हुन् । पितृसत्ताको वर्चस्वका कारण यी पात्रहरू सबाल्टर्न अवस्थामा पुऱ्याएका छन् । उपन्यासमा लिङ्गीय सबाल्टर्न परिवारबाट सुरू भएर समुदाय हुँदै सत्तासम्म पुगेको हुन्छ । धनेकी श्रीमती मैना बच्चा जन्माउने, हुर्काउने, घरधन्दा गर्ने र पतिको सेवामा समर्पित भएकी छ तापनि उसको कामको कुनै मूल्याङ्कन भएको छैन । ऊ रातदिन कर्ममा लागे पनि उसको काम मूल्यहीन छ । उसले दिनभरि घरको काम गर्छे, मेलापात गर्छे भने राति ढिकीजाँतोमा व्यस्त हुन्छे । यस उपन्यासमा सबैभन्दा बढी लिङ्गीय सबाल्टर्नमा परेकी पात्र झुमा हो । ऊ स्त्री हुनाकै कारण लजाएकी छ, सरल छ, सुकोमल छ, कमजोर छ, आफ्नो अस्तित्व लुटिँदा पनि प्रतिकार गर्न सकेकी छैन । परिवार तथा समाजबाट अपमानित, तिरष्कृत र बहिष्कृत हुँदा जीवनबाट हार खाएर मर्न हिँडेकी छ । ऊ महिला हुनुकै कारण दोहोरो

उत्पीडनमा परेकी छ । ऊआफ्नो निर्णय आँफै गर्न सकेकी छैन । यस उपन्यासमा शरीर राजनीतिसँग सम्बन्धित विषयवस्तुले पनि लिङ्गीय सबाल्टर्नलाई सङ्केत गरेको छ । यौवनमा फुलेकी फक्रेकी झुमाको यौवनमाथि रिकुटेले गिद्देदृष्टि लगाएको दृश्यलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> युवक एक टक लाएर हेरीरहेको थियो । सुडौलो नाकमा सानो फुली र बुलाकी, कानमा मुन्द्री, गलामा छातीसम्म झुण्डिएको, प्वाँलाको मिलेको माला, छिनेको कम्मरमाथि सारीको गुल्थो उठाएर बाँधेको पटुका, कपाल ढाकेर पछिल्तिरबेरेको मजेत्रो, गोरो वर्णको चेहरा, यौवन फक्रेको त्यो सारा शरीर औ त्यसमा रहेका प्रत्येक वस्तुले युवकको हृदय आकर्षित गरिरहेको थियो । (ऐ., पृ. ८)

प्रस्तुत साक्ष्यले महिलाहरू राम्रा, कामुक, चञ्चल हुनु पर्ने कुरालाई सङ्केत गरेको छ । यसले पनि लिङ्गीय उत्पीडनलाई सङ्केत गरेको छ । यौवनमा फुलेकी फक्रेकी झुमाको यौवनमाथि रिकुटेले गिद्देदृष्टि लगाएको छ । रिकुटेको यस दृष्टिले शरीर राजनीतिलाई सङ्केत गरेको छ । रिकुटेले झुमाको शरीर र उसका हरेक अङ्गको वर्णन उपभोग्य वस्तुका रूपमा गरेको छ । झुमाको मिलेको शरीरलाई युवकले एकटक लगाएर हेरेको र त्यसमा रहेका प्रत्येक वस्तुले युवकको हृदय आकर्षित भएको अभिव्यक्तिले लिङ्गीय शोषणलाई सङ्केत गरेको छ । उपन्यासमा झुमा र मैना दुबै पात्रहरू वर्गीय र लिङ्गीय दुबै दृष्टिले किनारीकृत भएका छन् । महिला हुनाकै कारण दुबै नारी पात्रले उनीहरू माथि भएको शोषण र उत्पीडनलाई चुपचाप सहेर बसेका छन् । यस उपन्यासकी प्रमुख पात्र मैनाले सामन्तवादी पितृसत्ताका कारण घरकोकाम, लोग्ने र छोराको सुसारलाई आफ्नो परम कर्तव्य सम्झिएकी छ । घरपरिवारको सेवालाई नारी धर्म सम्झिएकी छ, पतिको सेवामै सुख र सन्तोषको सास फेरेकी छ । "....तपाईंले अराएर गरेकी हुँ र ? तपाईंले भोभन्दा भो हुने र नभन्दा नहुने ? मेरो खुसीले पो गर्दै छु त । "( ऐ., पृ. १६) यसरी धनेको खुट्टा माड्दै गरेकी मैनाले धनेले भो भयो भन्दा आफूखुसीले परम्परालाई धान्दै र बचाउँदै आएको विषय व्यक्त गरेकी छ, पितृसत्तात्मक शासन प्रणालीमा अभ्यन्तरित भएकी छ । परम्परित विचारको अनुयायी बनेकी छ, पितृसत्ताको प्रभुत्वलाई अन्धानुकरण गरेकी छ, नबुझिकनै स्वीकार गरेकी छ । झुमाले आफ्नो जीवनका बारेमा आफ्नो निर्णय गर्न सकेकी छैन । रिकुटेले झुमालाई मसँग बिहे गर्छ्यौ भनेर सोध्दा उसले "मैले भनेर के र ?दाजुलाई भेटेर कुरा गर्नु नि"(ऐ., पृ. २६) । भनेकी छ । प्रस्तुत साक्ष्यले ऊ निर्णय गर्न नसक्ने कमजोर पात्रका रूपमा चित्रित भएकी छ । झुमालाई यो अवस्थामा पुर्याउने काम समाज, संस्कार र परम्पराले गरेको छ । त्यसैले जीवनका हरेक मोडमा उसलाई पछुतोमा पर्नु परेको छ । रिकुटेको वासनात्मक प्रेमको जालोमा फसेर आफ्नो सर्वश्व लुटाएकी झुमा लिङ्गीय दृष्टिले उत्पीडित नारी पात्र हो ।

सांस्कृतिक अध्ययनका दृष्टिले हेर्दा यस उपन्यासको सहनायक मोटे कार्की परिवर्तित सोच र विचारलाई आत्मसात् गर्ने महिलामैत्री पात्रका रूपमा परिचित छ । ऊ महिलामैत्री, उपकारी र आदर्शवादी हुनुकै कारण निरूद्देश्य, थातबास छाड्नु परेको छ र सीमान्तीकृत हुनुपरेको छ । समाजमा विद्यमान पितृसत्तात्मक संरचनाका कारण यस उपन्यासका नारी पात्रहरूले प्रतिरोध गर्न सकेका छैनन् । पितृसत्ताकै कारण मैनाले लोग्नेको सेवामा खुसीबाहेक केही देखेकी छैन । उसले लोग्नेको सेवालाई कर्तव्य सम्झेकी छ । साहूहरूको आर्थिक शोषणलाई पनि उसले परमतत्त्व वा नियतिको खेलका रूपमा स्वीकार गरेकी छ । अतः ऊपनि पितृसत्ताको पृष्ठपोषण गर्ने पात्रका रूपमा रहेकी छ । पितृसत्तालाई निर्विकल्प स्वीकार गर्ने मैनाले समाजमा बेइज्जत हुन्छ भन्ने डरले सन्तान समानकी झुमालाई "मर्नु सिवाय अरू बाटो छैन"(ऐ., पृ. ४६) भन्नुले नेपाली समाजमा पितृसत्तात्मक मूल्यमान्यता र अभ्यन्तरित सामाजिक संस्कारका कारण महिलाबाट माहिला उत्पीडित छन्, सीमान्तीकृत बनेका छन् भन्ने तथ्यको पुष्टि भएको छ । यसका साथै यस तथ्यले सबाल्टर्न परिवारबाट सुरू हुन्छ भन्ने विषयलाई पुष्टि गरेको छ । तत्कालीन नेपाली समाजमा ठूली लगायत अन्य महिलाहरूले पँधेरोमा झुमाको कुरा गर्नुले महिलाहरू बाहिर जाने अवसरबाट टाढै रहेका छन् र महिला महिलाबाटै उत्पीडित छन् भन्ने कुराको थप पुष्टि भएको छ । महिलाहरूको भेटघाट हुने र विचार आदानप्रदान गर्ने स्थल पानी पँधेरो हो भन्ने कुरा व्यक्त भएको छ ।

यस उपन्यासमा नन्दे ढकालकी श्रीमतीलाई आंशिक रूपले भएपनि निर्णय गर्ने अधिकार दिएको आभास मोटे कार्कीले अभिव्यक्त गरेको यस साक्ष्यबाट भएको छ : "नन्देलाई त त्यस्तै हो, बुढीसँग त कुरा गरौंल ,बुढीले हम्मेसी मेरो कुरा काट्दिनन्, नन्देलाई भनिदिइन् भने बुढीको कुरा नन्देले नाई भन्दैन।" (ऐ., पृ. ३३) प्रस्तुत साक्ष्यले नन्देले श्रीमतीलाई समान अधिकार दिलाउन खोजेको आभास भएपनि व्यवहारमा भने त्यस्तो देखिएको छैन । यस उपन्यासका महिला पात्रहरू पुरूषाश्रित छन्, बोल्न सक्दैनन् भन्ने कुरा झुमा दोजिया भएपछि पितृसत्तात्मक समाजसँग प्रतिरोध गर्न नसकेर आत्महत्या गर्ने अवस्थामा पुगेको घटनाले बोध गराएको छ। मोटे कार्कीले जीवनसाथीका रूपमा स्वीकार्दा पनि उसमा धैरै सङ्कटहरू देखापरेका छन् उसको अन्तरआत्मामा धैरै आशङ्का उब्जेका छन्, ऊ समाजिक सांस्कृतिक निर्मितिले थिचिएर, किचिएर, मिचिएर आवाजविहीन अवस्थामा पुगेकी छ र आत्महत्या गर्न तम्सिएकी छ। अतः यस उपन्यासमा गायत्री स्पिभाकले भनेझैं सबाल्टर्नहरू बोल्न सक्दैन्, उनीहरू आवाजविहीन अवस्थामा रहन्छन् भन्ने कुरा पुष्टि भएको छ। यसरी यस उपन्यासका हरेक नारी पात्रले सबाल्टर्न चरित्रको प्रतिनिधित्व गरी दबाबबिना नै सहमतीय आधारमा स्वेच्छाले नै पुरूष सत्ताको वर्चस्वलाई अभ्यन्तरीकरण गरेका छन्।

**बसाइँ उपन्यासमा प्रभुत्व**

समाज सँधै गतिशील भइरहन्छ । समाज विकासको सिद्धान्त अनुसार समाजमा दुई किसिमका वर्ग हुन्छन् : शासक वर्ग र शासित वर्ग। शासक वर्गले अधीनस्थ वर्गमाथि आफ्नो प्रभुत्व कायम गरिराखेको हुन्छ तर यो अवस्था सँधै एकनासको हुँदैन । बसाइँ उपन्यासमा सामन्तवादी समाज व्यवस्थाको चित्रण गरिएको हुनाले दबाब र सहमति दुबै प्रक्रियाबाट प्रभुत्वको स्थापना गरिएको छ। बैदारबूढाले ऋण र भैँसी दिंदा राखेका सबै सर्तहरू सत्ताको प्रभुत्व स्थापना गर्न राखिएका सामन्त विचार हुन्। धनेले ती सर्तलाई स्वीकार्दै भैँसी किनेर लैजानु भनेको सामन्तवादी विचारलाई सहमतीय आधारमा अभ्यन्तरीकरण गर्नु हो । यस उपन्यासमा दोबाटे साहिँला जस्ता सबाल्टर्न पात्रले पनि प्रभुत्वको पोषण यसरी गरेका छन् "होइन ठिकै त हो त हाउ, बैदार बाको कुरो साहूको खाएर टेरपुच्छरै नलाई बसेर कसरी हुन्छ त? ....एउटाले गर्दा अरूको पनि बाटो थुनिदैन यैचाल हो भने ?"( ऐ., पृ. २९ ) यस साक्ष्यमा धनेले बैदार बाको ऋणको ब्याज चलाउन नसकेपछि दोबाटे साहिँलाले साहूको कुरामा सही थाप्दै धनेलाई गाली गरेको छ। ऋणीको यही अवस्थाले भोलि अरूको बाटो बन्द हुन्छ भन्नुले पनि उच्च वर्गको प्रभुत्वलाई पृष्ठपोषण गर्नु हो।

उपन्यासमा अभिव्यक्त धनेले बैदारको साउँब्याज तिर्न नसकेपछि अनेकौ बहाना बनाई बैदार बूढाले हलका गोरू फुकाउनु पनि प्रभुत्वको स्थापना हो। उपन्यासमा आर्थिक शोषण र विभेदद्वारा नै बैदारले प्रभुत्व स्थापना गरी धनेका हल गोरू फुकाएपछि यही प्रक्रियाबाटैनन्दे ढकाल र उसका छोराले पनि प्रभुत्व स्थापना गरेका छन्। पानी लगाउने निहुँमा ढकालको काम गर्ने सानेसँग झगडा परेपछि ढकालका छोराले दबाबद्वारा प्रभुत्व स्थापना गर्ने अभिव्यक्ति यसरी प्रस्तुत गरेको छ : "भोलि मिरमिरे उज्यालो हुँदा त्यस बजियाको बियाडमा लगेर भैँसी छाडिदिनू। बजियाले रोपोस् खेत कसरी रोप्दोरहेछ ?" (ऐ. पृ. ४०)। श्रमिक, किसान, मजदुरमाथि दमनकारी सोच राख्ने ढकालको छोराको यो अभिव्यक्तिले दबाबबाट नै निम्न वर्गलाई किनारीकृत गर्ने सोच ल्याएको छ । सामन्तवादी समाज व्यवस्थामा नन्दे ढकालजस्ता शोषकहरूले दबाबबाटै प्रभुत्व स्थापना गरेको कुरा यसरी आएको छ : "ए बजिया ! चुप लाग जान्नेभा'को बजिया" (ऐ., पृ. ४३)। यस साक्ष्यले सामन्ती संस्कारमा बजियाजस्ता शब्दको प्रयोग गरी हप्काएर र धम्काएर प्रभुत्व स्थापना गरिने कुरालाई पुष्टि गरेको छ ।

**बसाइँ उपन्यासमा प्रतिरोध**

प्रस्तुत उपन्यासमा सशक्त रूपमा प्रतिरोधको अवस्था सिर्जना हुन सकेको छैन। शक्तिशाली वर्गले स्थापना गरेको भाष्य सँधैं मान्य हुँदैन, शासकको दमनकारी संयन्त्र जतिसुकै शक्तिशाली भए पनि त्यसभित्र विद्रोहको सम्भावना रहेको हुन्छ। ग्राम्सीका अनुसार शोषक वर्ग कठोर हुँदै गयो भने शासित वर्गभित्रबाट स्वतन्त्र हुने लहर उठ्न थाल्छ र विरोध र विद्रोह सुरू हुन्छ, यसैलाई प्रतिरोध भनिन्छ । बसाइँ उपन्यासमा धनेले ढकालको गाभिनी भैँसी मारेपछि न्याय निसाफको

लागि बसेको समूहको पछाडिको कुनाबाट एउटा दबेको स्वर सुनिन्छ : "त्यसो त रोपाईंको माझामाझमाजानी जानी अर्काको बिआडमा भैँसी छाडिदिनेको पनि त दण्ड होला नि। साँढे त होइन होला भैँसी त ?" (ऐ., पृ. ३७)। यस साक्ष्यले प्रतिरोधको बोध गराए पनि नन्देको दबाबमूलक अभिव्यक्तिमा सीमान्तीकृतको त्यो आवाज त्यही दबेको छ। धनेले भाकामा साहूलाई पैसा बुझाउन नसकेपछि नन्दे ढकाललाई सुब्बा, मुखिया बोलाएर खायलको मोल गरी खायल बुझ्नुहोस् भन्दा नन्देले तँ के बसाईं हिड्ने परिस् भनेर सोध्दा धनेले "नहिँडी सुखले,तपाईंहरूले बासै मेटिहाल्नु भो" (ऐ., पृ. ५७) भनेको छ। प्रस्तुत साक्ष्यले धने बाध्यताले बसाइँ सरेको हो भन्ने विषयलाई पुष्टि गर्दै साहूको अधीनस्थताको प्रतिरोध गरेको छ। त्यसैगरी धनेलाई दोबाटे साहिँलाले साहूको ऋण खाएर ब्याजसम्म नतिरेपछि हामी सबैको बाटो छेकिने भो भन्दै गरेको सामन्तको प्रभुत्वको पोषणको प्रतिक्रियामा धनेले भोलि तिमीलाई पर्दाको विचार राख्ने भए यसरी हेपेर कुरा गर्ने थिएनौ साहिँला (ऐ., पृ. २४) भनेको छ। यस अभिव्यक्तिमा पनि धनेले साहिँलालाई समस्या जहिले जसलाई पनि पर्नसक्छ, आजको यो अवस्था भोलि परिवर्तन हुनसक्छ भन्दै सचेत गराएको छ, अपमानको प्रतिरोधमा आवाज उठाएको छ। यसरी यस उपन्यासमा मूलतः दबाबबाट र अंशतः सहमतिबाट प्रभुत्व स्थापना भएको छ। उपन्यासमा बहुसांस्कृतिकता र वर्गीयताको धरातलमा समाजमा सत्ता र प्रभुत्वको आडमा सामन्तहरूले निर्धा र निमुखालाई आर्थिक शोषण र दबाबबाटै आवाजविहीन बनाएका छन् र बसाइँ सर्न बाध्य तुल्याएका छन्। अधीनस्थ यो वर्ग निरीह बन्दै प्रतिकारको सट्टा अभ्यन्तरीकरण गर्दै विधातालाई दोष दिएर थातबास छोड्न बाध्य छ।

**निष्कर्ष**

बसाइँ उपन्यासमा वर्गीय, जातीय, लिङ्गीय दृष्टिले केन्द्रबाट किनारामा पुऱ्याइएका सबाल्टर्न वर्गका पात्रहरूको प्रतिनिधित्व रहेको छ। उपन्यासमा पितृसत्तात्मक सामन्तवादी समाजले यथोचित सम्मान दिन नसकी किनारामा पुऱ्याइएका पात्रका जीवनका जटिल र पीडादायी अवस्थाको मार्मिक प्रस्तुति रहेको छ। वर्ग, लिङ्ग, जाति, भाषाको प्रस्तुति, परिवेश आदिका दृष्टिले पूर्वी नेपालको पहाडी भेगको प्रतिबिम्ब खिच्न सफल यस उपन्यासमा क्षेत्रीले २००७ सालको राजनीतिक परिवर्तनपछि पनि नेपाली समाजमा वर्गीय, जातीय, लिङ्गीय भेदले जरा गाड्नुका कारण किनारीकृत भूगोलमा चेतना फैलन नसकेको यथार्थलाई प्रस्तुत गरेका छन्। उपन्यासमा धने बस्नेत, उसकी श्रीमती मैना, नाबालक छोरो सामन्ती शोषकहरूको वर्गीय शोषणको जालोमा फसेर किनारीकृत हुन पुगेका छन्। आफ्नो जायज्यथा साहूलाई सुम्पेर बसाइँ सर्न बाध्य छन् भने झुमा र मोटे कार्की समाजले जातभात काढ्ने डरले बसाइँ सरेका छन्।

उपन्यासमा सामन्ती शोषकको शोषणमा परी आफ्नो थातबास साहूलाई सुम्पेर बसाइँ सर्न बाध्य बनाइएका निम्न वर्गीय पात्रहरू धने, मैना, झुमा, मोटे कार्की, धनेको नाबालक छोरो वर्गीय दृष्टिले सबाल्टर्न पात्र हुन्। उपन्यासमा शोषित, पीडित, दमित, उत्पीडित पात्रको प्रतिनिधित्व धनेले गरेको छ। आर्थिक दृष्टिले तेर्से लामिछाने, दोबाटे साहिँलो, नन्देको काम गर्ने साने घर्ती लगायत अन्य सहायक पात्रहरूपनि कमजोर छन् तर ती पात्रले उच्च वर्गको प्रभुत्वलाई पृष्ठपोषण गरेका छन्। त्यसै गरी लिङ्गीय दृष्टिले मैना र झुमा मञ्चीय सबाल्टर्न पात्र हुन्। यी दुबै पात्र वर्ग, लिङ्ग र जातका दृष्टिले दोहोरो तेहेरो उत्पीडनमा परेका छन्। यी पात्रले परम्परित पितृसत्तात्मक शासन व्यवस्थालाई अभ्यन्तरीकरण गर्दा आफू शोषण, दमन र उत्पीडनमा परेको बुझ्न सकेका छैनन्। उपन्यासमा पितृसत्तात्मक शासन व्यवस्थाका कारण सबैभन्दा बढी लिङ्गीय दमन, शोषण र उत्पीडन मैनाले भोगेकी छ। तत्कालीन नेपाली समाजका मूल्य मान्यतालाई पछ्याउँदा मैनाबाट पनि झुमा उत्पीडित छ। बैदार बूढा, नन्दे ढकाल, रिकुटे लगायतका पात्रहरू सामन्तवादी समाजमा सत्ता, शक्ति र वर्चस्वका दृष्टिले बलशाली देखिएका छन्।

जातीय दृष्टिले यस उपन्यासमा बुधे कामी, झुमा, मोटे कार्की लेउते दमाईं आदि सबाल्टर्न पात्र हुन्। मोटे कार्की र दोजिया झुमा समाजर संस्कारले जातभात काढ्ने त्रासले बसाइँ सरेका छन्। उपन्यासमा सबै सबाल्टर्न पात्रहरूको सामाजिक स्थान अत्यन्त तल रहेको छ। प्रस्तुत उपन्यासमा वर्गीय, जातीय, लिङ्गीय र वैचारिक दृष्टिले उच्च तथा शासकीय सम्भ्रान्त वर्गको भूमिकामा रहेका बैदार बूढा, नन्दे ढकाल, रिकुटे र तिनका आसेपासेको अमानवीय ज्यादतिका

कारण किनारीकृत हुन पुगेका धने र माटे कार्कीको परिवारको अवस्था अत्यन्त दर्दनाक, कारूणिक र सङ्घर्षमय बन्न पुगेको तथ्यलाई विश्लेषण गरिएको छ । तत्कालीन नेपाली समाजमा किनारीकृत वर्गको जीवन अपमानित हुनुको कारण अभिजात वर्गको सांस्कृतिक प्रभुत्व रहेको छ । उपन्यासका सबै किनारीकृत पात्रले प्रभुत्वशाली वर्गको शोषणलाई लाचार भएर स्वीकार गरेका छन् । त्यसैले उनीहरूमा प्रतिरोधी चेतना जागृत हुनसकेको छैन र औपन्यासिक विचारधाराले सामन्तवादको पृष्ठपोषण गरेको छ । यसरी यस उपन्यासमा वर्गीय, जातीय, लिङ्गीय र वैचारिक अवस्थाको पहिचान, उनीहरूको सामाजिक स्थान, प्रभुत्व र सबाल्टर्न वर्गको आवाजको अवस्था हेर्दा यो कृतिमा अन्तर्निहित सबाल्टर्न शक्तिशाली रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६९). सिद्धान्तका कुरा (चौथो संस्क.), अक्षर क्रियसन नेपाल ।

क्षेत्री, लीलबहादुर (२०७६). बसाइँ (तेत्तीसौँ संस्क.), साझा प्रकाशन ।

गिरी, अमर (२०७०). 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा'. भृकुटी, पूर्णाङ्क १९, पृष्ठ १६–४६ ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). मार्क्सवाद र सबाल्टर्न अध्ययन, साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त'. भृकुटी, पूर्णाङ्क १९, पृ. ३१५–३२५ ।

भट्टराई, रमेशप्रसाद (२०७७). सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ, भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०७०). 'अवरजन अध्ययन र साहित्य', भृकुटी, पूर्णाङ्क १९, पृ ३१४–३२४ ।

श्रेष्ठ, तारालाल (२०६८). शक्ति, श्रष्टा र सबाल्टर्न, डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०७३), सांस्कृतिक अध्ययन र नेपाली साहित्य, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

सुब्बा मनप्रसाद र रेमिका थापा (सम्पा.) (सन् २०११) 'किनारा विमर्श', गामा प्रकाशन ।

Guha, Ranajit (1997). *A Subaltern Studies Reader,* University of Minnesota Press.

Lauwers, K., Sami Suodenjoki, and Marnix Beyen ( 2023). *Subaltern Political Subjectivities and Practices in the Nineteenth and Twentieth Centuries: Between Loyalty and Resistance,* Routledge.

Mannathukkaren, Nissim ( 2022 ). *Communism, Subaltern Studies and Postcolonial Theory,* Routledge.

Pandey, Gyanendra ( 2006 ) "The Subaltern as a Subaltern Citizen," *Economic and Political Weekly* Vol. 41(46), 4735 –4738.

"Subaltern." *Vocabulary.comDictionary,* Vocabulary.com, https://www.vocabulary.com/dictionary/subaltern. Accessed 12 Nov. 2023.